फेदीखोला गाउँपालिका

स्थानीय राजपत्र

गाउँ कार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

❐खण्ड ५ ❐संख्या ३ ❐२०७८/०५/१८

गाउँ कार्यपालिकाबाट स्वीकृत : २०७८/०५/११
प्रमाणिकरण : २०७८/०५/१५

भाग २

फेदीखोला गान

फेदीखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, स्याङ्जा

प्रस्तावना :

फेदीखोला गाउँपालिकाको प्राकृतिक, ऐतिहासिक, पुरातात्विक सम्पदा लगायत गाउँपालिकाको पहिचान झल्कने देहाय बमोजिमको फेदीखोला गान मिति २०७८/०५/११ गतेको गाउँ कार्यपालिकाको बैठकबाट लागू गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

फेदीखोला गान

आरुखर्क फेदीखोला बाँगे भाटखोला
प्रकृति र संस्कृतिको सङ्गम कहाँ होला,
हाम्रो शान हाम्रो मान अरु के पो होला
संघर्षको उपज हो हाम्रो फेदीखोला ।

अन्नपूर्ण माछापुच्छ्रे यतै फर्की हाँस्छन्
कालाभैरव राम्चेदेवी सहिष्णुता गाँस्छन्,
गुम्बामा छन् गौतम बुद्ध मन्दिरमा भोला
सुन फल्ने माया बाँड्ने प्यारो फेदीखोला ।

खोलानाला झर्नासँगै तरेली छन् फाँट
टुटे गाउँ, कोठे गाउँ, झल्मल पार्ने आँट,
नुवाकोट गौरवको इतिहास हाँक्छ
साल्मेडाँडा विश्वसामु वीरतालाई डाक्छ ।

जननी र जन्मभूमि स्वर्ग ठान्ने जन
कर्मयोग सिकाउने फेदीखोले मन,
समृद्धिको खाका कोर्ने सुनौलो छ बेला
पसिना र विवेकले "उठाऊँ फेदीखोला" ।

आज्ञाले
चिरन्जीबी बराल
प्रमुख प्रशासकीय अधिकृत